सम्वत् २०७९ सालको निर्देशिका नं. -१५

# उदयपुरगढी गाँउपालिकाको
# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९।०८।२३

प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणिकरण मितिः२०७९।०८।२३

**उदयपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**उदयपुरगढी, उदयपुर**
**१ नं. प्रदेश, नेपाल**

# उदयपुरगढी गाँउपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७९

## १. परिचय

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्दा,आदर तथा सदभाव अभिवृद्धि गर्न साथै राज्य द्वारा तोकिएको सेवा एवम सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुची -८ को क्र.सं १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४,जारी गरिएको छ।

## २. परिचय-पत्र वितरणका आधार

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक,ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन।

## ३.उदेश्य

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।
ख)नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन,सार्वजनिक कार्य,स्वास्थ्य सेवा,धार्मीक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा,सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।
ग)प्रचलित ऐन,नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा,न्याय,अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान,सीप,क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## ४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सवै नेपाली नागरिकहरु ।

## ५.ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छः

(क) सत्तरीवर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,
(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,
(ग)असहाय ज्येष्ठ नागरिक,
(घ)अशक्त ज्येष्ठ नागरिक,

## ६. परिचय-पत्र वितरण मापदण्डः

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय- पत्र प्रदान गर्न सकिनेछ ।

## ७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को अनुसुची १ र ३ बमोजिम ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा र ज्येष्ठ नागरिकको व्यक्तीगत अभिलेख यस निर्देशिकाको अनुसुची १ र २ बमोजिमको हुनेछ।ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबर हुनेछ ।

## ८. परिचय-पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ ।यस प्रयोजनको लागि नागरिकताको प्रमाण- पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको पदाधिकारी हुनेछ ।

(घ) परिचय-पत्र ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गा.पा. को कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराउनुपर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपी लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्वन्धित स्थानीय तहमा निवेदन पेस गर्नु पर्नेछ ।

## ९. विविध

(क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागी सम्बन्धित स्थानीय तहले आफनो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख)ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्वन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानूनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसुची १
## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

### ज्येष्ठ नागरिक परिचय-पत्र

प.प.नं :-

नाम थर : ..................................................................

ना.प्र.नंः .......................................

ठेगाना :जिल्ला : ......................... गा.पा./न.पा. ..............................

वडा नं. .............................. टोल/गाँउः ..............................

उमेर : .............................. लिङ्गः

उपलब्ध छुट तथा सुविधाहरु : .............................................................

पति/पत्नीको नामः .............................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : ........................................

संरक्षकको नाम,थर,सम्पर्क ठेगाना,मोवाइल नं.:

..............................................................................................................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम ..................

.............................................................................................................

प्रमाणित गर्ने अधिकृतको

दस्तखतः

नाम थर :

पद :

कार्यालय :

## अनुसुची -२

<u>ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख</u>

१.<u>ज्येष्ठ नागरिकको व्यक्तीगत विवरण</u>

(क) ज्येष्ठ नागरिकको नाम,थरः

(ख)बावु तथा आमाको नाम :                    (ग)बाजे तथा बजैको नाम :

(घ)जन्म मिति र स्थान :

(ङ) ठेगाना :

(अ) स्थायी ठेगाना :जिल्ला ............................गा.पा. .....................वडा नं. ........टोल/गाँउ .................... फोन नं. ............................

(आ) अस्थायी ठेगाना : ..........................

(च)लिङ्ग ..........................

(छ)स्वास्थ्य सम्बन्धी विवरण (कुनै विशेष रोग,शारीरिक अपाङ्गता वा कुनै दीर्घ रोग भए खुलाउने)

..................................................

(ज)नागरिकता :

२. <u>ज्येष्ठ नागरिकको परिवार सम्बन्धी विवरण :</u>

(क)सगोलको छोरा,बुहारी,छोरी,नाति,नातिनीको -

(अ) नाम,थर र ठेगाना :

(आ) सम्पत्ति तथा आयस्ता सम्बन्धी विवरण :

(ख) छुटिई भिन्न बसेको छोरा,बुहारी,छोरी,नाति,नातिनीको :

(अ) नाम,थर र ठेगाना :

(आ) सम्पत्ति तथा आयस्ता सम्बन्धी विवरण :

(ग)हकवाला सम्बन्धी विवरण :

| क्र.सं. | नाम,थर | उमेर | नाता | व्यवसाय | ठेगाना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

(घ)अन्य पारिवारिक पृष्ठभूमि :

३ ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता :

(क) शैक्षिक योग्यता :

(ख) पेशागत दक्षताः

(ग) अनुभव क्षेत्र :

४. ज्येष्ठ नागरिकको सम्पति विवरण :

(क) चल सम्पत्तिः

(ख) अचल सम्पत्तिः

प्रमाणित गर्नेको :-

नाम,थर :

पदः

निकाय :